फोन नं. : ०६३-४२३१७५

प्रदेश सरकार

## उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय

# जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय,स्याङ्जा

## नागरिक बडापत्र

| क्र सं. | उपलब्ध हुने सेवाहरु | सेवा प्राप्तीका लागी चाहिने आवश्यक प्रमाणहरु | सेवा वापत लाग्ने दस्तुर | जिम्मेवार शाखा वा कर्मचाारी | सेवा लिन लाग्ने समय |
|---|---|---|---|---|---|
| १ | अनुरोध फारम वितरण | पानीको श्रोत, कमाण्ड एरिया र किसानको सक्रियता हुनुपर्ने । | | संस्थागत विकास फांट | तुरुन्तै |
| २ | अनुरोध फारम दर्ता | सिंचाइ योजनाको सम्वन्धमा सिंचाइ नीति, २०७० अनुसार प्रति हेक्टर रु.५०।- को दरले हुन आउने रकम ने.बै.लि.,स्याङ्गजा शाखामा खाता नं.०७२०२०००००२००३०००००१ मा जम्मा गरेको सक्कल भौचर । | निशुल्क | संस्थागत विकास फांट | सोहि दिन |
| ३ | जल-उपभोक्ता संस्था दर्ता तथा लाभग्राही संस्था दर्ता | २ प्रति विधान, उपभोक्ता भेलाबाट समिति गठन भएको निर्णय र सम्बन्धित स्थानीय निकायको सिफरिस पत्र । | रु १००।- | संस्थागत विकास फांट | सोहि दिन |
| ४ | जल-उपभोक्ता संस्था तथा लाभग्राही संस्था नविकरण | लेखा परिक्षण प्रतिवेदन, त्यसको साधारण सभाबाट अनुमोदन र आम्दानी खर्चको सार्वजनिक गरेको प्रमाण । | आ.व. को शुरुको ९० दिन भित्र नि:शुल्क र त्यसपछि विलम्ब शूल्क रु.१००।- | संस्थागत विकास फांट | सोहि दिन |
| ५ | सिंचाइ योजना तथा नदि नियन्त्रण योजनाहरु को निर्माण तथा मर्मत सुधार | बजेट विनियोजन भइ नदी नियन्त्रण तथा सिंचाइ योजन निर्माणको लागी उक्त आ.व. को स्वीकृत कार्यक्रममा समावेश भएको हुनु पर्ने | निशूल्क | योजनाको कामको प्रकृति अनुसार तोकिएको शाखा र कर्मचारी | स्वीकृत बार्षिक कार्यक्रम अनुसार |
| ६ | सुचना अधिकारी | इन्जिनियर श्री सुनिल के.सी. (९८४१८७६३३३) | | | |
| ७ | गुनासो सुन्ने अधिकारी | डिभिजन प्रमुख श्री किरण आचार्य | | | |

### यस डिभिजन कार्यालय बाट प्रदान गरिने सेवाहरु :-

१. सिंचाइ आयोजनाहरुको पहिचान र सम्भाव्यता अध्ययन ।
२. सिंचाइ आयोजनाहरुको निर्माण/ मर्मत सुधार तथा हस्तान्तरण ।
३. जल-उत्पन्न प्रकोप तथा नदि नियन्त्रण योजनाहरुको निर्माण कार्य ।

### सिंचाइ योजना माग गर्ने विस्तृत कार्य प्रकृया :-

१. सिंचाइ योजना माग गर्दा यस डिभिजन कार्यालयबाट नि:शुल्क उपलब्ध हुने योजना अनुरोध फारम भरी पेश गर्नु पर्ने छ ।
२. योजनाहरुको सिंचित क्षेत्रफल १० हेक्टर ( २०० रोपनी) भन्दा बढी हुने पर्ने छ । नयां प्रविधिमा आधारित सिंचाइ योजनाहरुको हकमा सिंचित क्षेत्रफल १० हेक्टर भन्दा कम पनि हुन सक्नेछ ।
३. योजना अनुरोध फारम साथ फारममा उल्लेखित जग्गाको विवर(ा अनुसार प्रति रोपनी रु.२।५० का दरले हुन आउने कुल रकम प्रदेश लेखा इकाइ कार्यालय स्याङ्गजाको धरौटी खाता नं. ०७२०२०००००२००३०००००१ (ने.बै.लि.,स्याङ्गजा शाखामा) जम्मा गरेको सक्कल भौचर पेश हुनु पर्ने छ ।
४. माग भएका योजनाहरुको प्राथमिकताक्रम निर्धारण गरी स्वीकृत बार्षिक कार्यक्रम अनुसार क्रमश : पहिचान, सम्भाव्यता, अध्ययन र विस्तृत सर्भेक्षण कार्य गरिने छ ।
५. अध्ययनको क्रममा योजना सम्भाव्य नदेखिएमा त्यसको जानकारी सम्बन्धित उपभोक्ता संस्थालाइ दिइने छ र धरौटी वापतको रकम फिर्ता गरिने छ ।
६. आयोजना पहिचान देखि निर्माण/सुधार कार्य सम्पन्न नहुन्जेलसम्म उपभोक्ताले व्यहोर्नु पर्ने नगद/श्रमदान (नेपाल सरकारले तोके बमोजिम) नव्यहोरेमा योजनाको बांकी काम तत्काल बन्द गरिने छ ।
७. योजनाको मर्मत सुधार कार्य सम्पन्न भएपछी स्वत : ज.उ.स. मा हस्तान्तरण भएको मानिने छ र त्यसको संचालन एवं मर्मत सम्भारको सम्पूर्ण जिम्मेवारी जल-उपभोक्ता समितिले लिनु पर्ने छ ।
८. साधारणतया एक पटक नेपाल सरकारको अनुदान प्राप्त भइ निर्माण/मर्मत भएको योजनामा १५ वर्ष भन्दा अगावै पुन : अनुदानको लागि योग्य मानिने छैन ।
९. संस्था दर्ताको निवेदन साथ संस्थाको विधान तथा यस डिभिजन कायोलयको आर्थिक प्रशासन शाखामा रु. १००।- बुझाएको नगदी रसिद संलग्न गर्नु पर्ने छ ।

## जल-उपभोक्ता संस्था/लाभग्राही संस्था गठन तथा दर्ता गर्दा चाहिने आवश्यक कागजातहरु :-

(क) संस्थाको तर्फबाट रु.१०।- को टिकट टांसि निवेदन दिनुपर्ने ।

(ख) समिति गठन गर्दा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता सहित पिछडिएको जनजाती,दलित,उत्पीडित तथा कमाण्ड एरियको मुहान विच र पुछार तर्फका किसानहरुको उचित प्रतिनिधित्व हुन पर्नेछ । समितिका अध्यक्ष, सचिव र कोषाध्यक्ष पद मध्ये कम्तिमा १ (एक) जना महिला अनिवार्य हुनु पर्ने छ ।

(ग) जल-उपभोक्ता संस्था तथा लाभग्राही संस्थाका पदाधिकारी र सदस्यहरु छनौट हुन १८ वर्ष उमेर पुरा भएको, कुनै पनि सरकारी पदमा बहाल नभएको तथा लाभको पद धारण नगरेको, निर्माण व्यवसायी नभएको र नियमित रुपमा सिंचाइ सेवा शुल्का चुक्ता गरेको, फौज्दारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको कमाण्ड एरिया भित्रको व्यक्ति हुनु पर्नेछ । साथै एउटा व्यक्ति दुइ कार्य कालको लागि मात्र पदाधिकारी हुन पाउने छ ।

(घ) जल-उपभोक्ता/लाभग्राही संस्थाको कार्य समितिको पदावधि ४ वर्षको हुनेछ (नया कार्य समिति गठन गर्दा) र ४ वर्ष पुग्न ३ महिना अगावै नयां निर्वाचन गराइ पाचौं वर्षको शुरुमा नै नयां निर्वाचित कार्य समितिलाइ जिम्मेवारी र दायित्व हस्तान्तरण गर्नु पर्नेछ ।

(ङ) संस्था दर्ता वापत दस्तुर रु १००।- लाग्ने छ । प्रत्येक वर्ष असोज महिना भित्र नवीकरण गर्दा शुल्क लाग्ने छैन ।

(च) विद्यान - २ (दुइ) प्रति तयार गरि विधानमा समितिका सवै सदस्यहरुको हस्ताक्षर हुनु पर्नेछ ।

(छ) साधारण सभामा कम्तिमा ६७ प्रतिशत उपभोक्ताहरु उपस्थित भै साधारण सभाबाट समिति गठन गरेको निर्णयको प्रतितिपी -१ (एक) प्रति ।

(ज) संस्थाका सदस्यहरुको ना.प्र.प.को प्रतिलिपी एक एक प्रति ।

(झ) सिंचाइ तथा नदी नियन्त्रण कार्यको लागि सम्बन्धित न.पा./गा.पा./वडा कार्यालयबाट समिति गठनको जानकारी सहित नामावली, योजना निर्माण र पानीको श्रोतमा विवाद छैन भन्ने व्यहोराको किटानी सिफारीस पत्र १ (एक) प्रति ।

## संस्थाको खाता संचालनको लागी आवश्यक पर्ने कागजातहरु :-

(क) अध्यक्ष, सचिव र कोषाध्यक्ष गरी ३ (तिन) जनाको संयुक्त दस्तखतबाट खाता संचालन हुने गरी पायक पर्ने स्थानको बैंकमा खाता खोल्ने सम्बन्धमा समिति/उपभोक्ता भेलाको बैठकको निर्णयको प्रतिलिपी । (खाता संचालनमा एक जना महिला अनिवार्य हुनु पर्ने) ।

(ख) ना. प्र. प. को प्रतितिपी (१/१ प्रति)

(ग) पासपोर्ट साइजको फोटो (१/१ प्रति)

(घ) दस्तखत नमुना कार्ड १ (एक) प्रति ।

(ङ) बैंक निवेदन फारम १ (एक) प्रति ।

(च) कार्यालयको सिफारीस पत्र १ (एक) प्रति ।

## संस्था नविकरणको लागी आवश्यक पर्ने कागजातहरु :-

(क) संस्थाको प्रत्येक आ.व.को लेखा परीक्षण प्रतिवेदन ।

(ख) संस्थाको साधारण सभाबाट लेखा परिक्षण प्रतिवेदन अनुमोदन गरेको निर्णय ।

(ग) नविकरण दस्तुर आ.व. शुरु भएको ९० दिन भित्र नि :शुल्क र त्यस पछि विलम्ब शुल्क रु.१००।- संलग्न गरी थप ९० दिन भित्र दरखास्त दिनु पर्नेछ ।

## समितिको तर्फबाट हुने कामको लागि सम्झौता गर्दा आवश्यक पर्ने कागजातहरु :-

(क) संस्था दर्ता /नविकरण गरेको प्रमाणपत्रको प्रतितिपी ।

(ख) समितिको निर्णय (अध्यक्ष र कुनै एकलाइ तोक्ने) ।

(ग) अध्यक्षको तर्फबाट निवेदन ।

## समितिको तर्फबाट भएको कामको धरौटी रकम निकाल्दा आवश्यक पर्ने कागजातहरु :-

(क) निर्माण कार्य सम्पन्न भएको १ (एक) वर्ष नाघेको हुनुपर्नेछ ।

(ख) धरौटी रकम निकाल्दा साइट इन्चार्जको प्राविधिक प्रतिवेदन अनिवार्य हुनुपर्ने ।

(ग) प्राविधिक प्रतिवेदन पछि उक्त धरौटी रकम समितिको वैक खातामा जम्मा गर्नुपर्नेछ ।

(घ) योजना मर्मत सम्भार गर्नु नपर्ने भएमा उक्त धरौटी रकम संस्थाको बैक खाताबाट झिक्न पाइने छैन ।

(ङ) धरौटी रकम बैक खाताबाट निकाली मर्मत सम्भार गर्नु पर्ने भए समितिको बैठकको निर्णय प्रतितिपी पेश गर्नुपर्ने छ ।